# मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मन्थली, रामेछाप
# ३ नं. प्रदेश, नेपाल

## नगर वस्तुस्थिति विवरण तयारीका लागि
## आसय पत्र (EOI) आव्हानको सूचना !
**(प्रथम पटक प्रकाशित मिति : २०७५/११/१५)**

यस मन्थली नगरपालिकाको वस्तुस्थिति विवरण (City Profile) तयार गर्नको लागि परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको, ईच्छुक, योग्य सेवा प्रदायक कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक १५ (पन्ध्र) दिन भित्र आसय पत्र (EOI) पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

१. ईच्छुक सेवादाता कम्पनीको नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई नवीकरण गरिएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, पछिल्लो लेखा परिक्षण प्रतिवेदन सहित शिलबन्दी आसयपत्र संलग्न हुनु पर्ने छ ।
२. सेवा प्रदायक सेवादाता कम्पनीको कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख गरिए अनुसार आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।
३. ईच्छुक सेवादाता कम्पनीले कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयबाट प्राप्त गर्न सक्नेछ ।
४. म्याद भित्र दर्ता नभएको, रीत नपुगेको वा संलग्न कागजातहरु नपुगेको र शिलबन्दी नभएको प्रस्ताव पत्रलाई मान्यता दिईने छैन ।
५. शिलबन्दी प्रस्तावपत्र छनौट गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।
६. सूचनामा उल्लेख भएबाहेक विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार हुनेछ ।
७. ईच्छुक सेवादाता कम्पनीले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाट जारी भएको गाउँ वा नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ अनुसार नगर वस्तुगत विवरण तयार गर्नुपर्ने छ।
८. ईच्छुक सेवादाता कम्पनीले विवरण संकलन गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा अन्तर्गतको सूचना व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोग गर्नुपर्नेछ।
९. ईच्छुक सेवा दाता कम्पनीले आसय पत्र पेश हुने अन्तिम दिन कार्यालय समय भित्र यस कार्यालयमा दर्ता हुनु पर्नेछ । म्याद भित्र दर्ता हुन आएका आसय पत्रहरु सो दिनको भोलिपल्ट अपरान्ह २:०० वजे कार्यालयमा खोलिनेछ । उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा उक्त दिन पछि कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्य हुनेछ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत